# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, मंसिर २९ गते, २०६३ साल (अतिरिक्तांक ५१

## भाग ३

### नेपाल सरकार
### गृह मन्त्रालयको सूचना

नेपाल नागरिकता ऐन, २०६३ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यी नियमहरूको नाम "नेपाल नागरिकता नियमावली, २०६३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले नेपाल नागरिकता ऐन, २०६३ सम्झनुपर्दछ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार गृह मन्त्रालय सम्झनुपर्छ ।

(ग) "स्थानीय निकाय" भन्नाले प्रचलित कानूनबमोजिम गठन भएको गाउँ विकास समिति वा नगरपालिका सम्झनुपर्दछ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकासमतलाई जनाउँछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधिः** (१) वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष देहायका कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) बाबु वा आमा वा आफ्ना वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र,

(ग) खण्ड (क) बमोजिम तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रमाणपत्र पेश गरेको अवस्थामा उक्त नातेदारसँगको नाता खुल्ने नाता प्रमाणित पत्र,

(२) उपनियम (१) बमोजिमका प्रमाण निवेदनसाथ पेश गर्न नसक्ने नेपाली नागरिकलाई देहायका कागजातका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सकिनेछ :-

(क) निवेदकका बाबु वा आमा नेपाली नागरिक भएकोले निज वंशजको नाताले नेपालको नागरिक भएको र नेपालमा जन्म भई निरन्तर रूपमा नेपाल सरहदभित्र स्थायी रूपमा बसोबास गरी आएको व्यहोरा खुल्ने गरी स्थानीय निकायका प्रतिनिधिको रोहबरमा अनुसूची-३ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरुले गरिदिएको स्थलगत सर्जमिन,

(ख) सम्बन्धित वडामा बसोबास गर्ने तीन जना नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिकले अनुसूची-४ बमोजिमको ढाँचामा सर्जमिनस्थलमै गरिदिएको सनाखत ।

तर नागरिकताको सिफारिश गर्ने वा नागरिकता प्रदान गर्ने अधिकारीलाई सनाखत गर्ने व्यक्तिले शंकास्पद रुपमा सनाखत गरेको लागेमा त्यस्तो अधिकारीले त्यस उपर थप छानबिन गर्न सक्नेछ ।

(३) नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले देहायका कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ :-

(क) नेपाल सरकारबाट स्वीकृति प्राप्त बालमन्दिर वा अनाथ बालबालिका संरक्षण गर्ने संघसंस्था वा अनाथालयको संरक्षणमा हुर्के बढेको भए त्यस्तो संस्थाको सिफारिस,

(ख) कुनै व्यक्ति विशेषले प्रचलित कानूनबमोजिम संरक्षकत्व प्राप्त गरी पालनपोषण गरेको भए पालनपोषण गर्ने व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) खण्ड (क) बमोजिमको संस्थामा पालनपोषण गर्ने संस्थाका प्रमुखबाट गरिदिएको सनाखत वा खण्ड (ख) बमोजिम पालनपोषण गर्ने व्यक्तिले गरिदिएको सनाखत,

(४) उपनियम (३) बमोजिम निवेदकको पितृत्व वा मातृत्वको सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भएमा आवश्यकताअनुसार स्थानीय निकायको सिफारिस वा प्रहरी प्रतिवेदन माग गर्न सकिनेछ ।

(५) उपनियम (१) वा (३) बमोजिम प्राप्त निवेदनउपर छानविन गर्दा निवेदक वंशजको नाताले नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई वंशजको नाताले नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ ।

(६) पितृत्व मातृत्वको ठेगान नभएको व्यक्तिको नागरिकताको प्रमाणपत्रको बाबु वा आमाको नाम उल्लेख हुनुपर्ने स्थानमा पितृत्व मातृत्वको ठेगान नभएको व्यहोरा जनाई संरक्षकको नाम, थर र ठेगाना उल्लेख गर्नुपर्नेछ ।

(७) यो नियम प्रारम्भ हुनुभन्दा अघि समयसमयमा खटिएका नागरिकता टोलीले तयार गरेको दर्ता अभिलेख र वितरण गरेको अस्थायी निस्सालाई समेत आधार लिई नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ ।



०६३१ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) उपनियम (२) बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न निवेदन दिने व्यक्तिहरुको सूची सोही दिन सार्वजनिक गर्नु पर्नेछ ।

४. **जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधिः** (१) ऐनको दफा ४ को उपदफा (१) बमोजिम जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष देहायका कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) निवेदकको जन्म नेपालभित्र भएको र निजले निरन्तर नेपालमा स्थायी रूपमा बसोबास गर्दै आएको व्यहोरा खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस,

(ख) आफ्नो वा परिवारको नामको जग्गाधनी दर्ता प्रमाणपूर्जा वा मोहीयानी हकको प्रमाणपत्र वा घरधुरी प्रमाण वा निर्वाचन आयोगले तयार गरेको मतदाता नामावलीमा निजको वा निजको बाबु वा आमाको नाम समावेश भएको प्रमाण ।

**स्पष्टीकरण :** यस खण्डको प्रयोजनको लागि "परिवार" भन्नाले एकाघरका वा छुट्टिई भिन्न बसेका बाबु, आमा, सौतेनी आमा, छोरा, अविवाहिता छोरी र छोराबुहारीसमेतलाई सम्झनुपर्छ ।

(२) उपनियम (१) बमोजिम नागरिकताको प्रमाणपत्र प्राप्त गर्न चाहने व्यक्तिले संविधानसभाको निर्वाचन हुनुअगावै प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमका प्रमाण निवेदनसाथ पेश गर्न नसक्ने व्यक्तिलाई ऐनको दफा ८ को उपदफा (४) बमोजिम देहायका कागजातका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ :-

(क) निवेदक नेपालमा जन्म भई निरन्तर रूपमा नेपाल सरहदभित्र स्थायी रूपमा बसोबास गरी आएको व्यहोरा खुल्ने गरी स्थानीय निकायका प्रतिनिधिको रोहबरमा अनुसूची-५ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरुले गरिदिएको स्थलगत सरजमिन,

(ख) सम्बन्धित वडामा बसोबास गर्ने नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त तीन जना नेपाली नागरिकले अनुसूची-६ बमोजिमको ढाँचामा सर्जमिनस्थलमै गरिदिएको सनाखत ।

तर नागरिकताको सिफारिश गर्ने वा नागरिकता प्रदान गर्ने अधिकारीलाई सनाखत गर्ने व्यक्तिले शंकास्पद रुपमा सनाखत गरेको लागेमा त्यस्तो अधिकारीले त्यस उपर थप छानबिन गर्न सक्नेछ ।

(४) ऐनको दफा ४ को उपदफा (३) बमोजिमको समयावधिभित्र प्राप्त भएका निवेदनहरूका सम्बन्धमा त्यस्ता निवेदन दर्ता भएको मितिले एक महिनाभित्र प्रमुख जिल्ला अधिकारीले निर्णय गरिसक्नु पर्नेछ ।

(५) उपनियम (१) वा (३) बमोजिम प्राप्त निवेदनउपर छानबिन गर्दा निवेदक जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ ।

(६) उपनियम (३) बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न निवेदन दिने व्यक्तिहरूको सूची सोही दिन सार्वजनिक गर्नु पर्नेछ ।

५. **वैवाहिक सम्बन्धको आधारले अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधिः** (१) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा देहायका कागजात संलग्न गरा सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष अनुसूची-७ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्ध खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस,

(ख) निजले विदेशी नागरिकता त्याग्ने कारवाही चलाएको निस्सा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनउपर छानोवन गर्दा निवेदक अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ ।

६. **निवेदकलाई जानकारी दिनुपर्ने :** नियम ३ वा ४ बमोजिम प्राप्त निवेदनउपर छानबिन गर्दा कुनै निवेदक नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य नदेखिएमा सात दिनभित्र निर्णय गरी निजलाई सोको जानकारी दिनुपर्नेछ ।

७. **अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने अन्य कार्यविधि:** (१) विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानको हकमा देहायका कागजातसहित अनुसूची-७ बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ :-

(क) आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नेपालमा जन्म भई स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सम्बन्धित स्थानीय निकायको सिफारिस,

(ग) बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता नलिएको निस्सा ।

(२) ऐनको दफा ५ को उपदफा (४) मा उल्लिखित शर्त र अवस्था पूरा गरेको कुनै विदेशी नागरिकले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा आफू बसोबास गरी आएको वासस्थानसँग सम्बन्धित स्थानीय निकायको सिफारिससाथ सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष अनुसूची-७ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम निवेदन प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीले आवश्यक देखेमा सम्बन्धित नगरपालिकाको प्रमुख वा गाउँ विकास समितिको अध्यक्षसँग आवश्यक कुराहरू बुझी निवेदकले ऐनको दफा ५ को उपदफा (४) मा उल्लिखित शर्त तथा अवस्था पूरा गरेको देखिएमा आफ्नो रायसहित निवेदन मन्त्रालयसमक्ष पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदनउपर छानविन गरी मन्त्रालयले अनुसूची-८ बमोजिमको ढाँचामा अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न सक्नेछ ।

(५) ऐनको दफा ५ को उपदफा (५) बमोजिम अंगीकृत नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको सन्तानमध्ये निजले सो नागरिकता प्राप्त गर्नुभन्दा पहिले जन्मेका सन्तानले अंगीकृत नेपाली नागरिकता प्राप्त गर्न चाहेमा अनुसूची-७ बमोजिम सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिन सक्नेछ । निवेदनसाथ नाता प्रमाणित पत्र, बाबु वा आमाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र निज नेपालमा बसोबास गरिरहेको व्यहोराको स्थानीय निकायले गरिदिएको सिफारिस संलग्न गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम प्राप्त निवेदनउपर छानविन गर्दा निवेदक अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ ।

८. **नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकारी:** (१) वंशजको नाताले, जन्मको आधारमा र वैवाहिक अंगीकृत र अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्तिले त्यस्तो नागरिकताको प्रमाणपत्र प्राप्त गर्नुअघि जन्मिएका निजका सन्तानलाई अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) प्रमुख जिल्ला अधिकारीले आफूलाई प्राप्त अधिकारमध्ये वंशजको नाताले र जन्मको आधारमा नागरिकता प्रदान गर्ने अधिकार आफ्नो मातहतको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि समयसमयमा नेपाल सरकारले नागरिकता वितरण गर्न खटाएका टोली प्रमुखलाई प्रमुख जिल्ला अधिकारीले वंशजको नाताले र जन्मको आधारमा नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(४) उपनियम (१) मा उल्लेख भएदेखि बाहेक अन्य प्रकारको अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।



४६२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) ऐनको दफा ६ बमोजिम प्रदान गरिने सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्ने अधिकार नेपाल सरकार, मन्त्रिपरिषद्‌लाई हुनेछ ।

(६) उपनियम (५) बमोजिम नागरिकता प्रदान गर्ने निर्णय भएपछि मन्त्रालयले सम्मानार्थ नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्नेछ ।

(७) यस नियमावली बमोजिम नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकारीले वंशजको नाताले वा जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्दा अनुसूची-२ बमोजिम र अंगीकृत नेपाली नागरिकता जारी गर्दा अनुसूची-८ बमोजिमको ढाँचामा जारी गर्नुपर्नेछ ।

९. <u>नेपाली नागरिकता त्याग गर्ने कार्यविधि</u>: (१) कुनै नेपाली नागरिकले नेपालको नागरिकता त्याग्न चाहेमा निज नेपालभित्र बसेको भए सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष र विदेशमा बसेको भए सम्बन्धित नेपाली राजदूत वा नेपाली नियोग प्रमुख वा महावाणिज्यदूत वा वाणिज्यदूतसमक्ष आफूले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रको सक्कलप्रति संलग्न गरी अनुसूची-९ बमोजिमको ढाँचामा सूचना दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम विदेशमा सूचना दिएको भए सात दिनभित्र पूरा विवरण खोली नेपाली राजदूत वा नेपाली नियोग प्रमुख वा महावाणिज्यदूत वा वाणिज्यदूतले परराष्ट्र मन्त्रालयमार्फत मन्त्रालयमा लेखी पठाउनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त भएको सूचना मन्त्रालयले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष पठाउनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम सूचना प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीले त्यस्तो सूचना अनुसूची-१० बमोजिमको ढाँचाको दर्ता किताबमा दर्ता गर्नुपर्नेछ र त्यसरी दर्ता भएको मितिदेखि त्यस्तो व्यक्तिको नेपाली नागरिकता समाप्त हुनेछ ।

१०. <u>निर्णय गर्ने अधिकारी</u>: ऐनको दफा १० को उपदफा (५) बमोजिम नेपालको नागरिकले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको छ, छैन भन्ने प्रश्न उठेमा सो को निर्णय मन्त्रालयले गर्नेछ ।

११. <u>पुनः नेपाली नागरिकता कायम गर्ने कार्यविधि</u>: (१) ऐनको दफा ११ बमोजिम नेपालको नागरिकता त्यागी विदेश गएको कुनै व्यक्तिले पुनः नेपाली नागरिकता प्राप्त गर्न चाहेमा विदेशको नागरिकता त्यागेको निस्सासहित निजलाई पहिले नागरिकताको प्रमाणपत्र प्रदान गर्ने मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयसमक्ष अनुसूची-११ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचनाको निवेदन प्राप्त भएपछि अनुसूची-१२ बमोजिमको ढाँचामा सूचना दर्ताको जानकारी दिई नियम ८ बमोजिमको अधिकारीले साविककै नागरिकताको विवरणसहितको नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्नेछ ।

१२. <u>नागरिकता प्रमाणपत्र रद्द गर्ने कार्यविधि</u>: ऐनको दफा १२ बमोजिम कसैले झुठो विवरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित हुन आएमा देहायबमोजिमका निकायले त्यस्तो नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्नु पर्नेछ :-

(क) मन्त्रालयबाट जारी भएको भए सो मन्त्रालयले,

(ख) जिल्ला प्रशासन कार्यालय वा अन्य निकायबाट जारी भएको भए सम्बन्धित प्रमुख जिल्ला अधिकारीले,

(ग) खण्ड (ख) बमोजिम प्रमुख जिल्ला अधिकारीले रद्द गरेको नेपाली नागरिकता प्रमाणपत्रको विवरण सहितको जानकारी क्षेत्रीय प्रशासन कार्यालय र मन्त्रालयमा पठाउनु पर्नेछ ।

१३. <u>नागरिकताको प्रमाणपत्रको अभिलेख राख्ने</u>: ऐनको दफा १५ बमोजिम नागरिकताको प्रमाणपत्रको अभिलेख देहायबमोजिम राखिनेछ :-

(क) नागरिकता सम्बन्धी विवरणलाई व्यवस्थित रूपमा अभिलेखीकरण गरी राख्नुपर्नेछ र यो विवरण विद्युतीय माध्यममा समेत राख्न सकिनेछ ।

(ख) जिल्ला प्रशासन कार्यालयहरूले नागरिकता प्रमाणपत्र वितरणको मासिक विवरण क्षेत्रीय प्रशासन कार्यालय र मन्त्रालयमा पठाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. **विवरण सच्याउने कार्यविधिः** (१) ऐनको दफा १७ को उपदफा (१) र (३) बमोजिम नेपाली नागरिकताको प्रमाणपत्रको विवरणमा उल्लिखित कुनै कुरा सच्याउन चाहने व्यक्तिले मन्त्रालय वा प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम विवरण सच्याउन वा संशोधन गर्न निवेदन दिएमा मन्त्रालय वा प्रमुख जिल्ला अधिकारीले ऐनको दफा १७ को उपदफा (२) बमोजिम आवश्यक कुरा बुझी पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची संशोधनसहित अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।

१५. **नागरिकता टोली खटाउन सक्ने** : (१) ऐनको दफा २२ को उपदफा (१) बमोजिम नेपाल सरकारले नागरिकताको प्रमाणपत्र वितरण गर्न टोली खटाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम टोली खटाउँदा कम्तीमा राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारी प्रमुख हुने गरी सो टोलीमा निजामती सेवाकै अन्य कर्मचारीहरूलाई खटाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम खटाइएको टोलीले ऐनको दफा २२ को उपदफा (२) बमोजिम नेपाल सरकारले दिएको निर्देशनको अधीनमा रही नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्नेछ ।

(४) उपनियम (१) बमोजिम खटाइएको टोलीले नेपाली नागरिकताको प्रमाणपत्र नदिने गरी गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले तीस दिनभित्र सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिन सक्नेछ । यस सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको निर्णय अन्तिम हुनेछ ।

(५) नागरिकता प्रमाणपत्र वितरण टोलीले नागरिकता प्रमाणपत्र नलिएका नाबालक र टोली खटिएको समयमा छुट भएका उमेर पुगेका नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरूको विवरण लिई अभिलेख राख्नुपर्नेछ ।

१६. **कर्मचारीको परिवारले नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधिः** (१) कुनै कर्मचारीका परिवारले त्यस्तो कर्मचारी कार्यरत रहेको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहेमा देहायका कागजात संलग्न गरी प्रमुख जिल्ला अधिकारीसमक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) बाबु वा आमाको नेपाली नागरिकताको प्रमाणपत्र,
(ख) कर्मचारी वहाल रहेको कार्यालयको सिफारिस,
(ग) विवाहित महिलाको हकमा पतिको नागरिकता र विवाह दर्ता प्रमाण ।

(२) उपनियम (१) बमोजिम प्राप्त कागजातका आधारमा नागरिकताको प्रमाणपत्र प्रदान गरी त्यसरी प्रदान गरिएको नागरिकता प्रमाणपत्रको अभिलेख उक्त नागरिकता जारी गर्ने कार्यालयमा राखी सम्बन्धित कर्मचारीको स्थायी ठेगाना भएको जिल्ला प्रशासन कार्यालयलाई समेत जानकारी दिनु पर्नेछ ।

**स्पष्टीकरणः** (१) यस नियमको प्रयोजनको लागि "कर्मचारी" भन्नाले नेपाल सरकारको कोषबाट तलब भत्ता खाने कर्मचारी वा संस्थानका कर्मचारी वा शिक्षक वा प्राध्यापक सम्झनु पर्दछ ।

(२) "परिवार" भन्नाले खण्ड (१) मा उल्लिखित कर्मचारीसँग बस्ने तथा निज आफैंले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा, वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे,बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासु, ससुरासमेतलाई जनाउँछ ।

१७. **निर्देशिका र कार्यविधिसम्बन्धी व्यवस्थाः** मन्त्रालयले ऐन र यस नियमको परिधिभित्र रही आवश्यक निर्देशिका जारी गर्न र आवश्यकताअनुसार कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

१८. **अनुसूचीमा हेरफेर गर्न सक्नेः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकताअनुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

१९. **खारेजी र बचाउः** (१) नेपाल नागरिकता नियमावली, २०४९ खारेज गरिएको छ ।

(२) नेपाल नागरिकता नियमावली, २०४९ बमोजिम भएगरेका काम कारबाही यसै नियमावली बमोजिम भएगरेको मानिनेछ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- १
(नियम ३ को उपनियम (१) र (३), नियम ४ को उपनियम (१) र नियम १६ को उपनियम (१) सँग सम्बन्धित)

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय,
............................... ।

निवेदकको दुवै कान देखिने पासपोर्ट साइजको फोटो

विषयः- नेपाली नागरिकताको प्रमाणपत्र पाऊँ ।

महोदय,

म वंशजको नाताले/जन्मका आधारले नेपाली नागरिक भएकोले देहायको विवरण खोली नेपाली नागरिकताको प्रमाणपत्र पाउनका लागि सिफारिस साथ रु.५।- को टिकट टाँसी यो निवेदन पत्र पेश गरेको छु । मैले यसअघि नेपाली नागरिकताको प्रमाणपत्र लिएको छैन ।

| | |
|---|---|
| १. नाम, थर:-<br>२. जन्मस्थानः- ............................................<br>३. जन्म मितिः- ...............साल .........महिना........ गते<br>(शैक्षिक प्रमाणपत्र हुनेले सोही मिति उल्लेख गर्ने)<br>४. लिङ्ग :-<br>५. स्थायी वासस्थान :- ............................................<br>६. बाबुको नाम, थर र ठेगाना :- ............................<br>............................................................... | ७. बाबुको नागरिकता :-<br>८. आमाको नाम,थर र ठेगाना :- ...........................<br>९. आमाको नागरिकता :- ............................................<br>१०. पति/पत्नीको नाम, थर र ठेगाना :- ....................<br>............................................................<br>११. पति/पत्नीको नागरिकता :- ..................................<br>१२. संरक्षकको नाम, थर र ठेगाना :- ........................ |

मैले माथि लेखिदिएको व्यहोरा ठीक साँचो हो । झुट्ठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।

मितिः- ................................................

भवदीय,
निवेदकको दस्तखतः-
औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

गाउँ विकास समिति/नगरपालिकाको सिफारिस

............................ गाउँ विकास समिति/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं. .................... मा मिति ................ मा जन्म भई हाल सम्म स्थायी रुपमा बसोबास गरी आएका यसमा लेखिएका श्रीमान्/श्रीमती ............................................................ को छोरा/छोरी/पत्नी वर्ष .............. को श्री/सुश्री/श्रीमती ............................................................ लाई म राम्ररी चिन्दछु । उपर्युक्त लेखिए वमोजिमको निजको व्यहोरा मैले जानेबुझेसम्म साँचो हो । निजलाई वंशज/जन्मका आधारले नागरिकताको प्रमाणपत्र दिए हुन्छ । उक्त विवरण झुट्ठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।

मितिः-
कार्यालयको नाम र छापः- ..........................
.........................................................

सिफारिस गर्नेको:-
दस्तखतः- ............................................
नाम, थरः- ............................................
पदः- ....................................................

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

............................ गाउँ विकास समिति/नगरपालिकाबाट सर्जमिन र सनाखतका लागि प्रेषित

........................... गाउँ विकास समिति/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं. ..................... बस्ने ....................................................... को छोरा/छोरी/पत्नी वर्ष .............. को श्री/सुश्री/श्रीमती ........................................ ले ऐन र नियमभै तोकेको प्रमाण पेश गर्न नसकेकोले निजलाई स्थलगत सर्जमिन र सनाखतको प्रकृया अवलम्बन गरी वंशजको नाता/जन्मको आधारमा नागरिकता सम्बन्धी निर्णय हुन प्रेषित गरिएको छ ।

मितिः-

कार्यालयको छापः- ............................

..........................................................

दस्तखतः- ..................................................

नाम, थरः- ..................................................

पदः- ..................................................

कार्यालयले भर्ने :

| | |
|---|---|
| निवेदक/निवेदिका ............................................ मेरो आफ्नो .................. नाताका हुन् । निजलाई वंशजको नाताले/जन्मको आधारले नेपाली नागरिकताको प्रमाणपत्र दिएमा पछि सम्म फरक पर्ने छैन । फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला भनी कार्यालयमा उपस्थित भई सनाखत सहिछाप गर्नेको<br>नाम : ..........................................<br>ना.प्र.प.नं. ..........................................<br>सहिछाप : ..........................................<br>मिति : .......................................... | माथिको विवरण बमोजिम मेरो रोहवरमा सनाखत सही छाप भएको ठीक साँचो हो । माथिको विवरण ठीक दुरुस्त छ, फरक छैन । फरक परेमा कानून बमोजिम सहन बुझाउन मञ्जुर छु भनी सहीछाप गर्ने निवेदकको<br>नाम : ..........................................<br>सहिछाप : ..........................................<br>मिति : .......................................... |

**सर्जमिनमा बस्नेको नाम, थर, ठेगाना**

१.
२.
३.
४.
५.

**सनाखत गर्ने व्यक्तिको नाम, थर, ठेगाना**

१.
२
३.

**निर्णय**

यो अनुसूचीमा भएको सिफारिस, निवेदकको ............................ को सनाखत सहिछाप र संलग्न निम्न प्रमाणहरुको आधारमा निवेदकलाई वंशजको नाताले/जन्मको आधारले नेपाली नागरिकताको प्रमाणपत्र दिन उपयुक्त हुने देखि निर्णयार्थ पेश गरेको छु ।

**संलग्न प्रमाणहरु**

१.
२.
३.
४.
५.
६.

वितरित ना.प्र.प.नं.     सनाखत गराउने     पेश गर्ने     सदर गर्ने

मिति :-

मुद्रण विभाग, सिंहदरबार

अनुसूची २
(नियम ८ को उपनियम (७) सँग सम्बन्धित)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, ..........................

नेपाली नागरिकताको प्रमाणपत्र ।

ना.प्र.नं. :

दुवै कान देखिने अटो /साइजको फोटो

नाम,थर : .................................................. लिङ्ग : ..........
जन्मस्थान : जिल्ला.....................
गा.वि.स./उ.म.न.पा. .................वडा नं. ...........
स्थायी वासस्थान : जिल्ला ..............गा.वि.स./उ.म.न.पा................वडा
जन्मिति : .............साल ...............महिना...............गते
बाबुको नाम थर : ......................................
ठेगानाः...................................... नागरिकता : ...............
आमाको नाम थर : .....................................
ठेगानाः...................................... नागरिकता : ..................

पति/पत्नीको नाम थर : ..............................
ठेगानाः.................................. नागरिकता : ..............

नेपाल नागरिकता ऐन, २०६३ बमोजिम यो नागरिकताको प्रमाणपत्र दिइएको छ ।

प्रमाणपत्र वाहकको नाम :
नागरिकताको किसिम :
प्रमाणपत्र वाहकको दस्तखत :

औंठाको छाप

| दायाँ | वायाँ |
|---|---|
| | |

प्रमाणपत्र दिने अधिकारीको :
दस्तखत : ..............................
नाम,थर : ................................
दर्जा : ...............................
मिति : ....................................

मुद्रण विभाग, सिंहदरबार

८८९६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३

(नियम ३ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

**स्थलगत सर्जमिन मुचुल्काको ढाँचा**

**(वंशजको नाताले)**

लिखितम तपसिल बमोजिमका हामीहरु आगे जिल्ला प्रशासन कार्यालय, ..................... समक्ष/बाट नागरिकता वितरण कार्यको लागि खटिई आएको टोली नम्बर .......... समक्ष यस जिल्लाको .......................... गा.वि.स./न.पा./उ.म.न.पा./म.न.पा., वडा नं. ...... मा बसोबास गर्ने श्रीमान्/श्रीमती ............................ को छोरा/छोरी/श्रीमती ............................ ले नेपाली नागरिकताको प्रमाणपत्र पाउनका लागि निवेदन दिनु भएको सम्बन्धमा हामीहरुलाई सोधनी हुँदा हाम्रो चित्त बुझ्यो । निज निवेदक श्री/श्रीमती .............................. का छोरा/छोरी/पत्नी हुन् । निज निवेदक वंशजको नाताले नेपाली नागरिक हुन् । निजलाई वंशजको नाताले नेपाली नागरिकता प्रमाणपत्र दिएमा फरक पर्ने छैन् । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम हुने सजाय सहुँला बुझाउँला भनी हामी तपसीलका व्यक्तिहरुले सहिछाप गरी यो सर्जमिन मुचुल्का जिल्ला प्रशासन कार्यालय,................./नागरिकता वितरण टोली नम्बर .......... मार्फत नेपाल सरकारमा चढायौं ।

| सि.नं. | नामथर | वतन | ना.प्र.नं./ जारी मिति | लेखात्मक र रेखात्मक सहिछाप |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

**रोहबरमा बस्ने व्यक्ति**

**काम तामेल गर्ने व्यक्तिको**

नाम, थर :-

दर्जा :-

दस्तखत :-

मिति :-

गाउँ विकास समिति/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाका अध्यक्ष/प्रमुख वा प्रतिनिधि :

१)

२)

३)

मुद्रण विभाग, सिंहदरबार



2626 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४
(नियम ३ को उपनियम (२) को खण्ड (ख) सँग सम्बन्धित)
सनाखतको ढाँचा
(वंशजको नाताले)

कार्यालय प्रयोजनको लागि

.................... जिल्ला ............................ गा.वि.स./न.पा./उ.म.न.पा./म.न.पा., वडा नं. ................. मा स्थायी बसोबास भएका श्रीमान्/श्रीमती ......................... का छोरा/छोरी/श्रीमती .................................... वास्तविक नेपाली नागरिक हुन् । निज निवेदक वंशजका सन्तति हुन् । निजलाई वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र दिएमा फरक पर्ने छैन । उक्त विवरण फरक परेमा प्रचलित कानून बमोजिम हुने सजाय सहुँला, बुझाउँला भनी आफ्नो राजिखुशीले जिल्ला प्रशासन कार्यालय, ................/नागरिकता वितरण टोली नं. .................. समक्ष सर्जमिनस्थलमा उपस्थित भै हामी तपसीलका नेपाली नागरिकहरुले सही सनाखत गरिदियौं ।

| सि.नं. | नामथर | वतन | ना.प्र.नं./ जारी मिति | लेखात्मक र रेखात्मक सहिछाप |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

**सनाखत गराउने कर्मचारीको**

नाम :-

पद :-

दस्तखत :-

मिति :-

**प्रमाणित गर्ने**

नाम :-

पद :-

दस्तखत :-

मिति :-

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



८९

**अनुसूची- ५**
**(नियम ४ को उपनियम (३) को खण्ड (क) सँग सम्बन्धित)**
**स्थलगत सर्जमिन मुचुल्काको ढाँचा**
**(जन्मको आधारमा)**

लिखितम तपसिल बमोजिमका हामीहरु आगे जिल्ला प्रशासन कार्यालय, ..................... समक्ष/बाट नागरिकता वितरण कार्यको लागि खटिई आएको टोली नम्बर ............. समक्ष यस जिल्लाको ......................... उ.म.नगरपालिका/गा.वि.स.को वडा नं. ...... मा बसोबास गर्ने श्रीमान्/श्रीमती ............................ को छोरा/छोरी/श्रीमती ............................ ले नेपाली नागरिकताको प्रमाणपत्र पाउनका लागि निवेदन दिनु भएको सम्बन्धमा हामीहरुलाई सोधनी हुँदा हाम्रो चित्त बुझ्यो । निज निवेदक श्री/श्रीमती .............................. का छोरा/छोरी/पत्नी हुन् । निज निवेदकको जन्म बिक्रम संवत् २०४६ साल चैत्र मसान्त भित्र नेपाल सरहद भित्र भएको ठिक साँचो हो । निज निवेदक जन्मदेखि हाल सम्म उल्लिखित स्थानमा स्थायी बसोबास रही आएको सत्य साँचो हो । निज निवेदक वास्तविक रुपमा जन्मका आधारले नेपाली नागरिकता प्रमाणपत्र पाउने व्यक्ति हुन् । निज निवेदकलाई जन्मका आधारले नेपाली नागरिकता प्रमाणपत्र दिएमा पछि सम्म फरक पर्ने छैन् । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम हुने सजाय सहुँला बुझाउँला भनी हामी तपशिलका व्यक्तिहरुले सहिछाप गरी यो सर्जमिन मुचुल्का जिल्ला प्रशासन कार्यालय,................/नागरिकता वितरण टोली नम्बर .......... मार्फत नेपाल सरकारमा चढायौं ।

| सि.नं. | नामथर | वतन | ना.प्र.नं./ जारी मिति | लेखात्मक र रेखात्मक सहिछाप |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

**रोहबरमा बस्ने व्यक्ति**

**काम तामेल गर्ने व्यक्तिको**
नाम, थर :-
दर्जा :-
दस्तखत :-
मिति :-

गाउँ विकास समिति/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाका अध्यक्ष/प्रमुख वा प्रतिनिधि :

मुद्रण विभाग, सिंहदरबार

०५२८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- ६
(नियम ४ को उपनियम (३) को खण्ड (ख) सँग सम्बन्धित)
सनाखतको ढाँचा
(जन्मको आधारमा)

कार्यालय प्रयोजनको लागि

.................. जिल्ला .............................. गा.वि.स./न.पा./उ.म.न.पा./म.न.पा., वडा नं. ................. मा स्थायी बसोबास भएका श्रीमान्/श्रीमती ........................ का छोरा/छोरी/श्रीमती .................................. वास्तविक नेपाली नागरिक हुन् । निज निवेदकको जन्म विक्रम संवत् २०४६ साल चैत्र मसान्त भित्र नेपाल सरहद भित्र भएको ठिक साँचो हो । निज निवेदक जन्म देखि हाल सम्म उल्लिखित स्थानमा स्थायी बसोबास गरी आएको व्यहोरा सत्य साँचो हो । निजलाई जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिएमा पछि सम्म फरक पर्ने छैन । उक्त विवरण फरक परेमा प्रचलित कानून बमोजिम हुने सजाय सहुँला, बुझाउँला भनी आफ्नो राजिखुशीले जिल्ला प्रशासन कार्यालय, ................/नागरिकता वितरण टोली नं. .................. समक्ष सर्जमिनस्थलमा उपस्थित भै हामी तपसीलका नेपाली नागरिकहरुले सहि सनाखत गरिदियौं ।

| सि.नं. | नामथर | वतन | ना.प्र.नं./ जारी मिति | लेखात्मक र रेखात्मक सहिछाप |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

**सनाखत गराउने कर्मचारीको**

नाम :-

पद :-

दस्तखत :-

मिति :-

**प्रमाणित गर्ने**

नाम :-

पद :-

दस्तखत :-

मिति :-



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-७
(नियम ५ को उपनियम (१) र नियम ७ को उपनियम (१), (२) र (५) सँग सम्बन्धित)

**श्री प्रमुख जिल्ला अधिकारी,**
**जिल्ला प्रशासन कार्यालय**
**.............................. ।**

| दुवै कान देखिने पासपोर्ट साइजको फोटो |
|---|

**विषय :- नेपालको नागरिकताको प्रमाणपत्र पाऊँ ।**

महोदय,

मैले नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ बमोजिमको शर्त तथा अवस्था पूरा गरिसकेकोले नेपाली नागरिकको छोरा, छोरी वा नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध भएको विदेशी महिलाको हैसियतले नेपालको अंगीकृत नागरिकताको प्रमाणपत्र पाउनको लागि देहायको विवरण खोली सिफारिस साथ रु.५/- को टिकट टाँसी यो निवेदनपत्र पेश गरेको छु।

१. **मेरो विवरण :-**
(क) पूरा नाम, थर :-
(ख) जन्मस्थान :-
(ग) जन्म मिति :- ..................साल.................... महिना................ गते
(घ) पूरा गरेको उमेर :-
(ङ) लिङ्ग :-
(च) धर्म :-
(छ) बाबुको :- (क) नाम, थर :-
(ख) ठेगाना :-
(ग) नागरिकता :-
(ज) आमाको :- (क) नाम, थर :-
(ख) ठेगाना :-
(ग) नागरिकता :-
(झ) पतिको नाम, थर र ठेगाना :-

२. **नेपालमा बसोबास गरेको वर्ष :-**
(क) नेपाली नागरिकको छोरा वा छोरीको हकमा -
१) पिताको राष्ट्रियता
२) पिताको मुलुकबाट नागरिकता प्रमाणपत्र लिए नलिएको निस्सा
(ख) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको विदेशी महिलाको हकमा -
(श्री ......................................... संग विवाह भएको मिति)
(ग) अरु विदेशीको हकमा (कम्तीमा पन्ध्र वर्ष) :-

३. **नेपालमा बसोबास गरेको ठाउँ र मिति :-**
(क) जिल्ला ...................................... गाउँ/नगर ...............................
वडा न.. .................................... टोल/गाउँ ...............................
(ख) खण्ड (क) मा लेखिएको स्थानमा आई अटुट रुपमा बसेको मिति :-

४. **हाल साथमा रहेको परिवारको विवरण र संख्या :-**

| (क) छोरा | (ख) छोरी | (ग) पति वा पत्नी |
|---|---|---|
| १. | १. | १. |
| २. | २. | |
| ३. | ३. | |

५. **मैले नेपाली वा नेपालमा प्रचलित ................... भाषा बोल्न र लेख्न जानेको छु।**


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मेरो जीवन निर्वाह गर्ने :
(क) साधन :-
(ख) योग्यता :-
(ग) हालको व्यवसाय :-

७. विदेशी मुलुकको नागरिकता नलिएको वा त्यागेको वा त्याग्न कारबाही चलाएको विवरण :-
(क) म पहिले नागरिक रहेको विदेशी मुलुकको नाम :-
(ख) खण्ड (क) मा लेखिएको मुलुकको नागरिकता नलिएको वा सो मुलुकको कानून बमोजिम मिति .......................... मा त्यागिसकेको वा त्याग्न कारबाही चलाएको ।
(ग) खण्ड (क) मा लेखिएको मुलुकको नागरिकता हाल सम्म नलिएको वा त्यागिसकेको वा त्याग्न कारबाही चलाएको रीतपूर्वकको निस्सा नेपाल सरकारलाई मिति ................. मा दिएको । त्यसरी दिएको निस्साको प्रतिलिपि यसैसाथ संलग्न छ ।

८. मैले नैतिक पतन देखिने कुनै फौज्दारी मुद्दामा सजाय पाएको छैन । मैले माथि लेखी दिएको व्यहोरा ठीक साँचो हो । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

मिति :- .....................

भवदीय,
निवेदकको दस्तखत :-
औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

गाउँ विकास समिति/नगरपालिकाको सिफारिस

............देशमा जन्म भई .................. गाउँ विकास समिति/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका ...................... नं. वडा ...................... मा स्थायी बसोबास गर्दै आएको यसमा लेखिएका श्री ................................ को छोरा/छोरी/पत्नी वर्ष ............ को श्री/सुश्री/श्रीमती .............................. लाई म राम्ररी चिन्दछु । उपर्युक्त लेखिए बमोजिमको निजको व्यहोरा मैले जाने बुझेसम्म साँचो हो । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

मिति :-
कार्यालयको नाम र छाप :- ...........................

सिफारिस गर्नेको :-
दस्तखतः- ..............................................
नाम, थर :- ............................................
पद :- ..............................................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

**अनुसूची- ८**
**(नियम ७ को उपनियम (४) र नियम ८ को उपनियम (७) सँग सम्बन्धित)**

**नेपाल सरकार**
**गृह मन्त्रालय**
..........................................

**अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र ।**

ना.प्र.नं.

| |
|---|
| दुवै कान देखिने अटो साइजको फोटो |

नाम, थर :- ..........................................................................

जन्म स्थान :- ......................................................................
..........................................................................

हालको ठेगाना :- जिल्ला ................... गा.वि.स. / उ.म.न.पा. ...............

वडा नं. ........... टोल ........................................

जन्म मिति :- ............ साल ....... महिना ............... गते

लिङ्ग :- ....................................

बाबुको नाम थर, ठेगाना :- ............................................
.............................................. नागरिकता :- .........................

आमाको नाम थर, ठेगाना :- ..........................................
..............................................नागरिकता :-................

पतिको नाम थर, ठेगाना :- ..........................................
.............................................. नागरिकता :- ........................

नेपाल नागरिकता ऐन, २०६३ बमोजिम अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र दिइएको छ ।

निर्णय मिति :- ..........................................
नागरिकताको किसिम :- बैबाहिक अंगीकृत / अंगीकृत
प्रमाणपत्र वाहकको नाम :

प्रमाणपत्र वाहकको सही :

औठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

प्रमाणपत्र दिने अधिकारीको :
दस्तखत :-
नाम,थर :-
दर्जा :-
मिति :-



8428 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-९
(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

श्री ......................................,
...................................... ।

महोदय,

निम्न लिखित ब्यहोराले गर्दा मैले नेपालको नागरिकता त्याग गर्न आवश्यक भएकोले त्याग गरेको सूचना गरेको छु । यो सूचना दता गरी दिनु हुन अनुरोध गर्दछु ।

(१)
(२)
(३)

अरु विवरण :

हालमा मेरो बसोबास भएको ठाउँ: ......................................................
बाबुको नाम :- ..................................................
बाजेको नाम :- ..................................................
मेरो उमेर :- ....................................................

मेरो ना.प्र.नं. :-
ना.प्र.प. जारी मिति :-
ना.प्र.प. जारी स्थान :-

मेरो परिवारका सदस्यहरुको संक्षिप्त विवरण :

| नाम | उमेर | ठेगाना | ना.प्र.प. सम्बन्धी विवरण |
|---|---|---|---|
| १) | | | |
| २) | | | |
| ३) | | | |

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

नागरिकता त्याग गर्नेको फोटो

दुवै कान देखिने
पासपोर्ट साइजको फोटो

नागरिकता त्याग गर्नेको दस्तखतः-
नाम, थर :-
साविक ठेगाना :-
हालको बसोबासको ठेगाना :-



९८२७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१०
(नियम ९ को उपनियम (४) संग सम्बन्धित)

नागरिकता त्याग गर्नेको विवरण

| क्रम संख्या | दर्ता मिति | नाम थर | ना.प्र.नं | ना.प्र. जारी मिति र स्थान | हालको बसोबास को ठाउँ | नेपालमा बसोबास को ठाउँ | नेपाली नागरिकता परित्याग गर्नु पर्ने कारण | परिवारका सदस्यमध्ये नेपाली नागरिक भै बस्नेहरुको नाम ठेगाना | दर्ता गर्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

मुद्रण विभाग, सिंहदरबार



३८२७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-११
(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

| |
|---|
| सूचना गर्ने व्यक्तिको फोटो (दुवै कान देखिने पासपोर्ट साइजको) |

श्री .........................................
........................................... ।

विषयः नेपाली नागरिकता पुनः कायम हुनको लागि दर्ता गरी पाऊँ ।

महोदय,

म नेपाली नागरिक ............ मुलुकको नागरिकता परित्याग गरी नेपालमा आई बसोबास गरेकोले देहायमा लेखिएका विवरणहरु नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ बमोजिम दर्ता गरी दिनु हनु अनुरोध गर्दछु ।

(१) पूरा नाम र थर :- ....................................................
(२) जन्मस्थान :- ....................................................
(३) जन्म मिति :- ....................................................
(४) पूरा गरेको उमेर :- ....................................................
(५) नागरिकता प्रमाणपत्र नं. :-....................................................
(६) नागरिकता प्रमाणपत्र जारी मिति :- ....................................................
(७) नागरिकताको किसिम :- ....................................................
(८) नेपालमा आई बसोबास गरेको मिति .......................
(९) हाल बसोबास गरेको स्थान ....................... जिल्ला ............... गा.वि.स./न.पा./उ.म.न.पा./म.न.पा.
(१०) बाबुको नाम, थर र ठेगाना ....................................................
(११) बाबुको नागरिकता नं. ....................................................

भवदीय,
सूचना गर्ने व्यक्तिको
दस्तखत ....................

मिति :-

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**अनुसूची-१२**
**(नियम ११ को उपनियम (२) सँग सम्बन्धित)**

नेपाल सरकार
.......................... कार्यालय

**विषय :- सूचनाको दर्ता ।**

..................... जिल्ला .................. गा.वि.स./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. ........... मा वस्ने श्री ............................. को छोरा/छोरी हाल नेपालको .................... अञ्चल .................... जिल्ला ..................... गा.वि.स./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. ..................... मा वस्ने वर्ष .................... को सुश्री/श्रीमती ..................... को नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ बमोजिमको सूचना दर्ता गरिएको छ ।

सूचना गर्ने व्यक्तिको
दस्तखत :..................
औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

सूचना गर्ने व्यक्तिको फोटो
दुवै कान देखिने पासपोर्ट
साइजको

सूचना दर्ता गरेको मिति :-

सूचना दर्ता गर्ने अधिकारीको
दस्तखत :-
नाम र थर :- ..............................
दर्जा :- ..............................
कार्यालय :- ..............................

**आज्ञाले,**
**उमेशप्रसाद मैनाली**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-
गो.हु.द.नं. १६।०६२।६३

2826 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार